श्री अंगेपानी सामुदायिक वन उपभेक्ता समुह
शि.न.पा.१४ पीवर अर्घाखाँची

पत्र सख्या - २०८२/०८३

मिति- २०८२/१२/३०

च. नं. - १४

बिषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री बन तथा बाताबरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री बन निर्देशनालय बुटबल, रुपन्देही ।
श्री डिभिजन बन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम छपान भै डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ समुह बाहिर लिलाम विक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८२/१२/३० गते देखि लागु हुने गरी पहिलो पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्बन्धी पुर्ण बिबरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

छवि कुमार विष्ट
अध्यक्ष
छवि कुमार विष्ट
अध्यक्ष

छवि कुमार विष्ट
अध्यक्ष

# श्री अंगेरपानी सामुदायिक बन उपभेक्ता समुह
## शितगंगा न.पा. १४ अर्घाखाँची

## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/१२/३० (मध्यान्न राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १३ टटनीको थहरीमा घाटगढीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका ब्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | | A | ४३ | ६९२.६६ | १२५०।- | |
| | | | B | ८५ | ७५२.२३ | ९००।- | |
| | | | C | १९८ | १०९२.२३ | ६००।- | |
| | | | D | ६३ | १८८.२० | ३००।- | |
| २ | असना | | A | २८ | ५१३.७९ | ४००।- | |
| | | | B | ४६ | ४९४.४२ | ३००।- | |
| | | | C | १३० | ७३५.९२ | १००।- | |
| ३ | कर्मा | - | A | ८ | ११०.२० | ४००।- | **कटान मुछान खर्च** |
| | | | B | ९ | १०१.०० | ३००।- | काठ प्रति घ.फि. रु.१८६।- |
| | | | C | ३९ | १८४.२२ | १००।- | दाउरा प्रचि चट्टा रु.१८१५०।- |
| ४ | जामुन | | C | ४ | २३.१२ | १००।- | |
| ५ | सादन | | - | ६ | २०.३५ | १००।- | |
| ६ | दबदबे | | - | ३ | १३.६२ | १००।- | |
| ७ | कुसुम | | - | ५ | १५.६३ | १००।- | |
| ८ | गडाई | | - | ८ | ४३.०१ | १००।- | |
| ९ | बाँझी | | - | १ | २.८१ | १००।- | |
| १० | साल दाउरा ११.०० चट्टा | | | | | १२०००।- | |
| ११ | साल दाउरा ५.०० चट्टा | | | | | ४०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०१/२१ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)
२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०१/२२ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)
३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -
**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**
४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको कृषि विकास बैक शाखा कार्यालय बुटबलमा रहेको खाता नं. ०४१४८००२४१७०१०१६ मा जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।
**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**
६. लिलाम हुने वन पैदावार शितगंगा १४ कार्कीले बिराएमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ ।
७. रितपुर्बक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८३/०१/२३ गते दिउसो १.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहबरमा समुहको कार्यालयमा खोलिने छ ।
८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।
१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।
११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।
१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।
१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको बनबाट उत्पादन भई शितगंगा १४ कार्कीले बिराएमा घाटगद्दी गरी राखिएको साल जातको काठ २७२५. ३२ क्यू. फि., अन्य जातको २२५८.०९ क्यू. फि. तथा साल दाउरा ११.०० चट्टा र अन्य दाउरा ५.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री अँगेरपानी सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. १४ अर्घाखाँची**